बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## प्रेस विज्ञप्ति

हामी यतिबेला कोरोना भाइरस कोभीड-१९ को माहामारीको बिचमा छौ । कोरोनाका कारण लामो समय सबै क्षेत्र ठप्प भयो । कोरोनाका कारण सिन्धुपाल्चोकको खेल क्षेत्र पनि चलायमान हुन सकिरहेको छैन । तर यो माहमारीको बिचमा पनि स्वास्थ्य सजगता अपनाउँदै बिस्तारै सबै क्षेत्रलाई क्रमश चलायमान बनाउँदै लैजानु पर्छ भन्ने हाम्रो मान्यता छ ।

स्थानीय तहमा जनप्रतिनिधि आएपछि विशेषगरी बलेफी गाउँपालिकाले सबै क्षेत्रको विकासका लागि पर्याप्त कामहरु गरिरहेको छ । अन्य विकास जस्तै खेल क्षेत्रको विकासका लागि पनि बलेफी गाउँपालिकाले पर्याप्त कामहरु गरिरहेको सबैलाई अवगत गरउँदछौ । बलेफी गाउँपालिकाको सहयोगमा विगत दुइ वर्षदेखि जिल्ला स्तरीय फुटबल प्रतियोगीता हामीले सञ्चालन गर्दै आएका थियौ ।

यो वर्ष वागमती प्रदेशको सामाजिक विकास मन्त्रालय र बलेफी गाउँपालिकाको सहयोगमा बलेफी बजारमा सुविधासम्पन्न कर्भडहल निर्माण सम्पन्न भएको छ । फुटबल खेललाई विकास गर्ने उदेश्यले यो वर्ष गाउँपालिकाको सहयोगमा जिल्ला स्तरीय खुला फुटसल आयोजना गर्ने गाउँपालिकाले निर्णय गरेका छौ ।

बलेफी फुटसल समितिको आयोजना र बलेफी गाउँपालिकाको सहयोगमा यही मंसिर २६ देखि सिन्धुपाल्चोकमा नै पहिलो पटक जिल्ला स्तरीय खुला फुटसलको आयोजना गर्न लागिएको यही विज्ञप्ति मार्फत सम्पुर्णमा जानकारी गराउँदछौ ।

कर्भडहलको उदघाटन तथा जिल्ला स्तरीय खुला फुटसल प्रतियोगीताको उद्घाटन वागमती प्रदेशका सामाजिक विकास मन्त्री माननीय युवराज दुलालबाट गर्ने कार्यक्रम रहेको छ । प्रतियोगीतामा करिब ४० टिमको सहभागीता रहने हामीले अनुमान गरेका छौं । प्रतियोगीतामा प्रथम हुने टिमलाई नगद ५० हजार,ट्रफी,मेडल र प्रमाण पत्र पाउँनेछन् भने सुनकोशी नदीमा निःशुल्क र्‍याफटिङ गर्न पाउँने व्यवस्था रहेको छ । त्यस्तै दोस्रो हुने टिमले नगद ३० हजार, मेडल र प्रमाण पत्र पाउँनेछन् । फुटसल प्रतियोगीताको सेमीफाइनल सम्म पुग्ने सबै टिमलाई सुनकोशी नदीमा निःशुल्क र्‍याफटिङ गर्न पाउँने व्यवस्था गरिएको छ । अतः सिन्धुपाल्चोकमा नै पहिलो पटक आयोजना गर्न लागिएको यो फुटसल प्रतियोगीतामा सहभागीताको लागि सिन्धुपाल्चोकका सबै स्थानीय तहका खेलाडीहरुलाई यसै विज्ञप्ति मार्फत हार्दिक अनुरोध गर्दछौ । खेल क्षेत्रका विकासका लागि सम्पुर्ण सञ्चारकर्मी मित्रहरुलाई यसको प्रचार प्रसार गरेर सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौ ।

केदार क्षेत्री
अध्यक्ष
१२ मंसिर २०७७

केदार क्षेत्री
अध्यक्ष